कार्यालय प्रमुख :- ९८५७८७७०८६
सूचना अधिकारी :- ९८५७८७७०२८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

रोल्पा

## जिल्लास्तरमा लघु घरेलु तथा साना उद्योगीहरुलाई लागत साझेदारीमा प्रविधि हस्तान्तरणको प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/११/०४

यस कार्यालयको आ.व. २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भइ संचालनमा रहेका जिल्लास्तरमा आधुनिक प्रविधि भित्र्याउने लघु, घरेलु तथा साना उद्योगहरुलाई आधुनिक प्रविधि भित्र्याउने उद्योगलाई अनुदान कार्यक्रम अन्तरगत उद्योगको विकास र विस्तारमा जोड दिई रोजगारी सिर्जना गरी गरिवि न्यूनिकरणमा सहयोग गर्ने उद्येश्यले ५० प्रतिशत उद्योगी स्वयमको लागत सहभागीतामा मेसिन तथा उपकरणहरु साझेदारीमा उपलब्ध गराउने कार्यक्रम रहेको हुदा उक्त कार्यक्रममा सहभागी हुन चाहाने उद्यमीहरुले आवश्यक प्रविधिको नाम सहित रीत पुर्वकको निवेदन फाराम भरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७९/१२/०३) भित्र रु. १०० राजश्व बुझाएको नगदि रसिद सहित तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि यस कार्यालयमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

०७९।११।०४
उद्योग अधिकृत

उद्योग अधिकृत

**तपसिल**

१) उद्योगीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
२) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी) ।
३) आय कर/ मु. अ. करमा दर्ता भएको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी ।
४) गत आ. व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५) सम्बन्धित विषयमा तालिम वा अनुभव प्रमाणपत्रको प्रतिलिपी ।
६) कुनै प्रकारको सहुलियत वा अनुदान नलिएको भन्ने स्वघोषणा
७)उद्योग व्यवसाय योजना/स्कीम ।

**नोट**

क) प्रविधि माग गर्दा उद्योगको उद्येश्य बमोजिमको मेसिन उपकरण माग गर्नु पर्नेछ । सो मेसिनको भ्याट सहितको मुल्य उल्लेख गर्नु पर्नेछ ।

ख) यो कार्यक्रम ५० प्रतिशत अनुदान र ५० प्रतिशत उद्यमीको लागत सहभागीतामा हुने भएकाले उद्यमीबाट प्रविधि माग भई मूल्यांकन समितिबाट प्रस्ताव स्वीकृत भएमा सो स्वीकृत रकमको ५० प्रतिशत उद्यमीले जम्मा गरे पश्चात मात्र सम्झौता गरिनेछ ।

८) प्रविधि हस्तान्तरण गरिने उद्यमीको छनौट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत कार्यविधि २०७९ को आधारमा हुनेछ ।

९) अन्य आवश्यक कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

इमेल : gharelurolpa@gmail.com . फोन नं.:०८६ ४४००८६ Fax No :०८६ ४४००८६